## प्रश्न नं १७: नेपालको जलसम्पदाबारे छोटकरीमा लेख्नुहोस् ।

नेपाल उच्च भू-भागदेखि तल्लो भू-भागसम्म फैलिएर रहेको तथा बाह्रै महिना हिउँ परिरहने विश्वका अग्ला हिमश्रृंखलाहरुको बाहुल्यता भएकाले नेपाल जलस्रोतका दृष्टिले सम्पन्न मानिन्छ ।

- जलस्रोतका हिसावले नेपाल विश्वको दोस्रो र एसियाको पहिलो धनी देश हो ।
- नेपालमा झण्डै ६,००० भन्दा बढी नदीनालाहरु छन् भने १६० किलोमिटरभन्दा लामा करिब १०० वटा नदीहरु छन् ।
- अधिकांश नदीको मुहान हिमाली क्षेत्र भएकाले सदावहार प्रकृतिका नदीहरु पाइन्छन् ।
- कुल नदीहरुको जल क्षमता २ लाख २ हजार मिलियन क्यूविक लिटर छ ।
- कुल जलस्रोतबाट ८३,००० मेगावाट जलविद्युत उत्पादन हुन सक्छ भने प्राविधिक रुपले ४२ हजार मेगावाट उत्पादन गर्न सकिने सम्भावना छ ।
- हिमनदी, हिमताल, ताल, कुण्ड, नदीनालाहरुको प्रचूरताका कारण नेपाल पर्यटकीय दृष्टिले समेत सुसम्पन्न छ ।

## प्रश्न नं. १८: गण्डकी नदीबारे छोटकरीमा लेख्नुहोस् ।

पूर्वमा लाङटाङ्ग हिमालदेखि पश्चिममा धौलागिरी हिमालसम्मको क्षेत्रमा प्रभाव पार्दै नेपालको मध्य भू-भागमा वहने गण्डकी नदी प्रथमस्तरको नदी हो ।

- गण्डक ऋषिको नामबाट नामाकरण गरिएको गण्डकी नदीको औपत जलप्रवाह १,७१० घनमिटर प्रतिसेकेण्ड छ ।
- यस नदीको लम्बाई ३३८ किलोमिटर छ ।
- नेपालको सबैभन्दा गहिरो नदी पनि गण्डकी नै हो ।
- सप्तगण्डकी भनिने यस नदीका सहायक नदीहरु काली गण्डकी, त्रिशुली, सेती, मर्स्याङ्दी, बुढी गण्डकी, दरौदी र मादी हुन् ।
- गण्डकी नदीको सबैभन्दा ठूलो सहायक नदी काली गण्डकी हो भने सवैभन्दा सानो नदी त्रिशुली हो ।
- यस नदीको जलविद्युत उत्पादन क्षमता २१,००० मेगावाट छ ।
- यसले नेपालको मध्य क्षेत्रमा प्रभावित पारेको क्षेत्र २६,००० वर्ग किलोमिटर छ, जसलाई गण्डकी प्रदेश भनिन्छ ।

## प्रश्न नं. १९: कर्णाली नदीबारे छोटकरीमा उल्लेख गर्नुहोस् ।

पूर्वमा धौलागिरी हिमालदेखि पश्चिममा व्यास ऋषि हिमालसम्मको क्षेत्रलाई प्रभाव पार्दै नेपालको पश्चिमी क्षेत्रमा वहने कर्णाली नदी नेपालको पहिलो स्तरमा पर्ने नदी हो ।

- कर्णाली नदीको प्रभाव क्षेत्र ४९,००० वर्ग किलोमिटर हो ।
- नेपालको सबैभन्दा लामो नदी मानिने यस नदीको लम्वाई ५०७ किलोमिटर छ ।

Question Bank Nepal

- यस नदीका सहायक नदीहरु- मुगु कर्णाली, हुम्ला कर्णाली, सेती, तिला, ठूलो भेरी, बुढी गंगा, सानो भेरी हुन् ।
- कर्णाली नदीको सबैभन्दा ठूलो सहायक नदी हुम्ला कर्णाली हो ।
- कर्णाली नदीलाई भारतमा घाँघरा, गोग्राहा भनेर चिनिन्छ ।
- कर्णाली नदीको औसत जलप्रवाह १,३०० घनमिटर प्रतिसेकेण्ड छ ।
- यस नदीको जलविद्युत क्षमता ३२,००० मेगावाट छ ।

**प्रश्न नं. ४: कोशी नदीबारे छोटकरीमा लेख्नुहोस् ।**

पूर्वमा कञ्चनजंघादेखि पश्चिममा लाङ्टाङ्ग हिमालबीचको क्षेत्रमा प्रभाव पार्ने नेपालको सबैभन्दा ठूलो नदीलाई कोशी नदी भनिन्छ ।

- कोशी नदीको नाम कौशिक ऋषिको नामबाट नामकरण गरिएको हो,
- यो नदीको कुल लम्बाई ७२० किलोमिटर छ, जसमध्ये नेपालभित्र १५२ किलोमिटर पर्दछ ।
- कोशी नदीको बहाव क्षमता सालाखाला १,५६४ घनमिटर प्रतिसेकेण्ड छ ।
- यसको प्रभावित क्षेत्र करिब ३३,००० वर्ग किलोमिटर छ ।
- सहायक नदीहरुमा तामाकोशी, सुनकोशी, लिखु, दूधकोशी, इन्द्रावती, अरुण र तमोर गरी ७ वटा छन् ।
- कोशी नदीलाई भारतमा पुगेपछि दामोदर नदी भनिन्छ ।
- यसले भारतको विहार राज्यमा ठूलो परिमाणमा जनधनको क्षति गर्ने हुनाले यसलाई विहारको दु:ख पनि भन्ने गरिन्छ ।
- कोशी नदीको सबैभन्दा ठूलो सहायक नदी अरुण र सबैभन्दा सानो नदी लिखु हो ।
- कोशी नदीको २२,००० मेगावाट विद्युत उत्पादन क्षमता छ ।
- यही नदीकै आधारमा कोशी प्रभावित क्षेत्रलाई कोशी प्रदेश भन्ने गरिन्छ ।

**प्रश्न नं.२०: भोट वा तिब्बतमा मूल भएका नेपालका नदीहरुको नाम लेख्नुहोस् ।**

तिब्बतमा मुल भै नेपालमा बहने नदीहरु निम्नानुसार ६ वटा छन् :

| | |
|---|---|
| (१) सुनकोशी, | (४) तामाकोशी, |
| (२) तमोर, | (५) कर्णाली, |
| (३) त्रिशुली, | (६) अरुण |

**प्रश्न नं. २१: सप्तगण्डकीका सहायक नदीहरुको उत्पत्तिस्थलवारे लेख्नुहोस् ।**

| | |
|---|---|
| काली गण्डकी | – मुस्ताङ्गको भोट हिमाल |
| मर्स्याङ्दी | – दामोदर कुण्ड |
| सेती | – अन्नपूर्ण हिमाल |
| दरौदी | – बुद्ध हिमाल |
| मादी | – अन्नपूर्ण हिमाल (पर्वत) |
| वुढी गण्डकी | – गणेश हिमाल |
| त्रिशुली | – तिब्बत |

Question Bank Nepal

## प्रश्न नं. २२: नेपालका मेची, महाकाली, कन्काई, कोशी, कर्णाली, बवई नदीलाई भारतमा पुगेपछि के भनिन्छ ?

नेपालका मेची, महाकाली, कन्काई, कोशी, कर्णाली, बबई नदीलाई भारतमा निम्न नामबाट चिनिन्छ :

| नेपालका नदी | भारतमा भनिने नाम | नेपालका नदी | भारतमा भनिने नाम |
|---|---|---|---|
| मेची | महानन्दा | कोशी | दामोदर, बिहारको दुःख |
| महाकाली | शारदा | कर्णाली | घाँघरा |
| कन्काई | विरिङ | बबई | सरयु |

## प्रश्न नं. २३: फोक्सुण्डो तालबारे लेख्नुहोस् ।

- फोक्सो आकारको भएकाले यसको नाम फोक्सुण्डो ताल रहन गएको हो ।
- यो ताल कर्णाली अञ्चलको डोल्पा जिल्लामा अवस्थित छ यो ताल समुन्द्री सतहदेखि ३,९०० मिटरको उचाईमा रहेको छ ।
- यसको ४.८ किलोमिटर लम्बाई, १.६ किलोमिटर चौडाई र ६५० मिटर गहिराई छ ।
- यो नेपालको सबैभन्दा गहिरो ताल हो ।
- रिग्म गाउँमा पर्ने हुनाले यसलाई रिग्म ताल पनि भनिन्छ ।
- सुलिगाँड/छाल्चा नामको ३०० मिटर लम्बाई रहेको झरना बग्ने गर्दछ ।
- निर्जिव ताल पनि भनिने यो माललाई पूर्व, उत्तर र दक्षिण गरी ३ तिरबाट मनोरम हिमशृङ्खलाले घेरिएको छ ।

## प्रश्न नं. २४: तिलिचो तालबारे छोटकरीमा लेख्नुहोस ।

- तिलिचो ताल मनाङ जिल्लाको मुक्तिनाथ हिमालको काखमा रहेको छ ।
- विश्वकै सर्वाधिक उचाई अर्थात ४,९१९ मिटरमा अवस्थित छ ।
- ४ किलोमिटर लम्बाई र १.२ किलोमिटर चौडाई तथा २०० मिटर गहिराई रहेको ।
- अन्नपूर्ण हिमालको उत्तरतर्फको राङ्सार हिमालको बीचमा पर्दछ ।
- हिउँ पग्लेको पानी पहाडहरुले छेकिदिएकाले यो तालको निर्माण भएको हो ।
- पर्यटकीय दृष्टिले अति नै महत्वपूर्ण ताल मानिन्छ ।

## प्रश्न नं. २५: रारा तालबारे लेख्नुहोस् ।

- कर्णाली अञ्चलको मुगु जिल्लामा अवस्थित रारा ताल समुन्द्री सतहबाट ३,२०० मिटरको उचाईमा रहेको छ ।
- यस तालको ५.२ किलोमिटर लम्बाई, २ किलोमिटर चौडाई र १६७ मिटर गहिराई छ ।
- यो ताल नेपालको सबैभन्दा ठूलो ताल हो ।
- गाईगोरुको खुर आकारको आकृतिमा रहेको यो तालको कुल क्षेत्रफल १०.८ वर्ग कि.मि. छ ।
- वि.सं. २०२० चैत्र १३ गते महेन्द्र ताल भनी नामाकरण समेत गरिएको ।

Question Bank Nepal

- खत्याड खोलाको मुहान रहेको यो ताललाई रारा राष्ट्रिय निकुञ्जले चारैतिरबाट घेरेको छ ।
- मुगु कर्णालीले आफ्नो बाटो वदल्दा निर्माण भएको मानिने यो तालबाट सिस्ने हिमाल र काञ्जिरोवा हिमालको छायाँ देख्न सकिन्छ ।

**प्रश्न नं. २६: नेपालमा जलविद्युत विकासका सम्भाव्यताका बारेमा संक्षेपमा बयान गर्नुहोस् । - लो.से.आ., २०६९ खुल्ला (ना.सु.)**

- हिमालदेखि तराईसम्म बग्ने झण्डै ६००० नदीनालायुक्त नेपाल जलसम्पदाको दृष्टिले विश्वमै दोस्रो सम्पन्न देश हो ।
- हिमनदी, हिमताल, हिमाली क्षेत्रमा मुहान भएका कोशी, गण्डकी र कर्णाली जस्ता सदावहार प्रकृतिका नदीहरु रहेको नेपालमा जलविद्युत् विकासको प्रचूर संभावना रहेको छ ।
- नेपालको कुल जलस्रोतबाट आर्थिक तथा प्राविधिकरुपले ४२ हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सकिने भनिए तापनि नेपालमा निम्नानुसार करिब ८३ हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सक्ने जलस्रोत छ :

| | |
|---|---|
| कोशीबाट | - २२,००० मेगावाट |
| गण्डकीबाट | - २१, ००० मेगावाट |
| कर्णालीबाट | - ३२, ००० मेगावाट |
| अन्यबाट | - ८, ००० मेगावाट |

**प्रश्न नं. २७: नेपालका नदीहरुलाई उत्पत्तिस्थान, जलभण्डार र उपयोगिताका आधारमा कति श्रेणीमा वर्गीकरण गरिएको छ ? प्रत्येकको छोटकरीमा लेख्नुहोस् ।**

नेपालका नदीहरुलाई उत्तपत्तिस्थल, जलभण्डार र उपयोगिताका दृष्टिले पहिलो श्रेणी, दोश्रो श्रेणी र तेस्रो श्रेणीका नदीहरु गरी ३ श्रेणीमा वर्गीकरण गरिएको छ :

**(१) पहिलो श्रेणीका नदी**

- हिमालबाट उत्पत्ति भएर वा हिमालको हिउँ पग्लेर नदीको रुपमा उत्तरी भेगबाट दक्षिणतर्फ बग्ने नदीहरु यस श्रेणीमा पर्दछन् ।
- यो श्रेणीका नदीहरु कोशी, गण्डकी र कर्णाली तथा तिब्बतमा मुहान भै नेपालमा बग्ने तमोर, तामाकोशी, त्रिशुली, सुनकोशी, कर्णाली, अरुण आदि हुन् ।
- यस श्रेणीका नदीले नेपालका कुल नदीहरुको जलप्रवाहको ७४% हिस्सा ओगटेका छन् ।
- यी नदीहरुलाई सदाबहार नदी तथा हिमाली पूर्वगामी नदी पनि भनिन्छ ।
- पर्याप्त गहिराई, अजस्र जल, विद्युतीय सम्भावना, प्रचुर सिँचाइ क्षमता आदि यस श्रेणीका नदीका विशेषताहरु हुन् ।

**(२) दोस्रो श्रेणीका नदी**

- महाभारत पर्वत श्रेणीबाट उत्पत्ति भई बग्ने नदीहरु दोस्रो श्रेणीका नदीहरु हुन् ।
- यस्ता नदीहरु जंगल, मूल, पोखरी आदिबाट प्रष्फुटन भई साना ठूला पर्वतीय सहायक नदीहरुमा मिली बग्दछन् ।

Question Bank Nepal

- कहिल्यै नसुक्ने निरन्तर जल प्रभावित हुने भएतापनि वर्षातमा बढी र हिउँदमा कम पानी हुन्छ।
- यस प्रकारका नदीलाई पर्वतीय अनुगामी नदी पनि भनिन्छ।
- सिँचाई र विद्युत उत्पादनका लागि बढी उपयोगी मानिन्छ।
- मेची, त्रियुगा, कमला, वाग्मती, कन्काई, राप्ती, बबई, तिनाउ, मोहना आदि यस श्रेणीका नदीहरु हुन्।

**(३) तेस्रो श्रेणीका नदी**

- चुरे पर्वत तथा भावरको माथिल्लो भागमा उत्पत्ति भई बग्ने नदी तेस्रो श्रेणीका नदी हुन्।
- वर्षात्को समयमा ठूलो रुप लिने र हिउँदमा सुक्ने हुनाले यिनलाई अस्थायी नदी वा मनसुनी नदी पनि भनिन्छ।
- यस श्रेणीका नदीहरु सदाबहार प्रकृतिका नभएकाले सिचाई र जलविद्युत उत्पादनका दृष्टिले उपयोगी मानिदैनन्।
- डुण्डुवा, तिलावे, सिर्सिया, जमुनी, पातो, अर्जुन खोला, हर्दिनाथ, मनुस्मारा, रोहिणी, बकाहा आदि यस श्रेणीका नदी हुन्।

**प्रश्न नं. २८: नेपालको जलसम्पदाको के महत्व छ ? उल्लेख गर्नुहोस्।**

**- लो.से.आ. नमूना प्रश्न**

नेपाल जलस्रोतको क्षेत्रमा विश्वमा दोस्रो धनी र एसियामा पहिलो धनी देश हो। उच्च हिमालबाट सदावहाररुपमा बग्ने अजस्र नदीनालाहरु झण्डै ६,००० भन्दा बढी छन्। कुण्ड, ताल तलैया, हिमताल, हिमनदीहरु पनि प्रशस्तै मात्रा रहेका छन्। ८३ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिने जलस्रोत नेपालमा छ। त्यस्तै करिब ८० लाख हेक्टर भूमिमा सिँचाई सुविधा, शुद्ध खानेपानीको आपूर्ति, जल यातायात, पर्यटन, माछापालन लगायतका क्षेत्रमा प्रयोग गर्न सकिन्छ। मुख्यत: जलसम्पदाको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- स्वच्छ खानेपानीको आपूर्ति गर्न,
- दैनिकरुपमा आवश्यक पर्ने पानीको आवश्यकता पूर्ति गर्न,
- सिँचाइको माध्यमद्वारा कृषि उत्पादनमा वृद्धि गर्न,
- जलविद्युत उत्पादन गर्न,
- माछापालन व्यवसाय सञ्चालन गर्न,
- रोजगारीको विकास तथा प्रवर्द्धन गर्न,
- र्‍याफ्टिङ लगायतका मनोरञ्जनात्मक गतिविधिहरु संचालन गर्न,
- पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धन गर्न,
- जलयातायात संचालन गर्न,
- भौगोलिक सिमाङ्कन गर्न,
- राष्ट्रिय आम्दानीमा वृद्धि गर्न,
- उद्योग तथा कलकारखानाहरुमा पानीको आवश्यकता पूरा गर्न,



Question Bank Nepal

- जल इन्जिन, वाष्प इन्जिन सञ्चालन गरी पेट्रोलियम पदार्थलाई प्रतिस्थापन गर्न ।

संक्षेपमा, नेपाल जस्तो कृषिप्रधान देशमा जलसम्पदाको महत्वलाई शव्दमा मात्र वर्णन गर्न कठिन हुन्छ । जलस्रोत विना जीवनको अस्तित्वको कल्पना नै गर्न सकिदैन । दैनिकरुपमा आवश्यक पर्ने पानीको आवश्यकता पूरा गर्नका अतिरिक्त नेपाल जस्तो अल्पविकसित देशमा पर्यटकीय प्रवर्द्धनको आधारको रुपमा समेत जलसम्पदा रहेको छ ।

### प्रश्न नं. २९: नेपालमा वन सम्पदाको अवस्था कस्तो छ ? उल्लेख गर्नुहोस् ।

- नेपाल समुन्द्री सतहको ५९ मिटरदेखि विश्वकै सर्वोच्च स्थान ८८४८ मिटरसम्म फैलिएको देश भएकोले विभिन्न ५ प्रकारका हावापानी पाइने र सोही अनुरुप नै विविध ५ प्रकारका नै वनस्पतिहरु पाइन्छन् ।
- विश्वमा दुर्लभ मानिएका जडिबुटीदेखि लिएर अनेक प्रकारका विविधतायुक्त वनस्पतिहरु पाइनु नेपालको वन सम्पदाको अर्को विशेषता हो ।
- हरियो वन नेपालको धन भन्ने उक्तिले विगतमा नेपाल वनस्पतिका दृष्टिले असाध्यै सम्पन्न भएतापनि पछिल्लो समयमा वन विनाश तिव्ररुपमा हुँदै गएको पाइन्छ ।
- सन् १९७८/७९ देखि १९९०/९१ मा नेपालको तराई क्षेत्रमा वीर्षक १.३% का दरले र पहाडी क्षेत्रमा वार्षिक २.३% का दरले वन घटेको थियो ।
- हाल नेपालको कूल क्षेत्रफलको ३९.६% भू-भाग वन क्षेत्रले ओगटेको छ । यसमध्ये २९% वन र १०.६% झाडी रहेको छ ।
- वन विनाशको क्रमसँगै क्रमिकरुपमा कार्वन उत्सर्जन हुन थालेको छ । नेपाल सरकार, वातावरण मन्त्रालयले सन् २००४ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको सचिवालय समक्ष पेश गरेको प्रथम प्रतिवेदन अनुसार नेपालमा वन विनासको कारणले वार्षिक २२,८९५ गीगा ग्राम कार्वन उत्सर्जन भएको कुरा औंल्याएको थियो ।

### प्रश्न नं. ३०: वन विनाश भनेको के हो ? उल्लेख गर्नुहोस् ।

समान्य अर्थमा मानिस वा अन्य प्राकृतिक कारणहरुले गर्दा वनजंगल घट्दै जानु अथवा नाश हुनुलाई वन विनाश भनिन्छ ।

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका पक्ष राष्ट्रहरुको सम्मेलन र विश्व खाद्य तथा कृषि संगठनका अनुसार वन विनास भन्नाले वनलाई दीर्घकालीनरुपमा नै गैरवनमा परिणत गर्नु अर्थात वनलाई वन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नु नै वन विनाश हो ।

अर्को शब्दमा, बढ्दो जनसंख्या वृद्धिले गर्दा वनजंगलको पुनर्उत्पादन हुने दरभन्दा यसको उपयोग हुने दर अधिक भएको स्थिति नै वन विनाश हो ।

वन विनाशले नदीको मुहान सुक्न गई खोला, नदीमा पानीको बहाव घट्ने, ऊर्जा संकटको अवस्था सिर्जना हुने, जमिनहरु मरुभूमीकरण हुँदै जाने, खानेपानीको समस्या हुने जसता अनेक असरहरु देखा पर्दछन् ।

Question Bank Nepal

## प्रश्न नं. ३१: वन विनाशका मुख्य कारणहरु के के हुन् ? लो.से.आ. नमूना प्रश्न

जीवनका लागि अक्सिजन उत्सर्जन गर्ने र हानीकारक मानिने कार्वनडाईअक्साइड शोषण गर्ने वनजंगलको दिनानुदिन विनास हुँदै जाँदा अतिवृष्टि, अनावृष्टि, बाढी, पैह्रो, भूक्षय जस्ता समस्याहरु देखा पर्दछन् । यस्तो महत्व रहेको वनको विनाश मानवीय तथा प्राकृतिकजन्य विविध कारणहरुले हुने गर्दछ । यस्ता प्रमुख कारणहरु यस प्रकार छन्:

- वन संरक्षण सम्बन्धी नीति र कार्यक्रमहरु प्रभाबकारी नहुनु ।
- खोरिया खेती प्रणाली र कृषि भूमिको विस्तार ।
- उद्योग तथा कलकारखानाको स्थापना र विकास पूर्वाधारहरुमा अनियन्त्रित वृद्धि हुनु ।
- जनसंख्या वृद्धि र मानव वस्तीको विस्तार ।
- अव्यवस्थित बसाइसराईं र अनियन्त्रित रुपमा वन फँडानी हुनु ।
- ऊर्जा आपूर्तिको मुख्य स्रोत तथा दैनिक आवश्यकताहरु जस्तैः घाँस, दाउरा, काठपातको मागमा वृद्धि हुनु ।
- कमजोर वन सुरक्षाले वन सम्पदाको अवैध व्यापार तथा चोरी निकासीमा वृद्धि हुनु ।
- आगलागी, पहिरो, बाढी, ज्वालामुखी विष्फोट जलवायु परिवर्तनले वन विनास हुनु ।
- वनको आवश्यकता र संरक्षण सम्बन्धी चेतनाको कमी हुनु ।
- अतिचरण र नदी कटान ।
- उर्वरा भूमिको क्षयीकरण ।
- अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निकायहरुको क्रियाशीलता कमजोर हुनु ।

## प्रश्न नं. ३२ : वन सम्पदाको संरक्षणका लागि नेपालमा हालसम्म के कस्ता प्रयासहरु भएका छन् ?

नेपालमा वन विनास रोकी यसको संरक्षणका लागि निम्नानुसारका नीतिगत तथा संस्थागत प्रयासहरु भएको पाइन्छ :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ (५) मा राज्यले वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दीगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ भन्ने उल्लेख गरिएको ।
- बन ऐन २०४९ तथा नियमावली, २०५१ लागू गरिएको ।
- विभिन्न आवधिक योजनाहरुले वन सम्पदाको संरक्षण सम्बन्धी तय गरेका नीति, रणनीति एवं कार्यक्रमहरुको कार्यान्वयन गरिदै आइएको ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा नियमावली, २०३० लागू गरिएको ।
- वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०३४ लागू गरिएको ।
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ लागू गरिएको ।

Question Bank Nepal

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ मा वन संरक्षणका प्रावधानहरु समेटिएको ।
- तराईका १७ वटा साझेदारी वनहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्यको थालनी भएको छ ।
- जैविक विविधता एवं पारिस्थितिकीय प्रणालीको संरक्षणका लागि २३.२३% भू-भाग संरक्षित क्षेत्र प्रणाली अन्तर्गत राखिएको छ ।
- आवधि योजनामा वन संरक्षणका लागि विभिन्न रणनीति, कार्यक्रमहरुको व्यवस्था गरिएको ।
- हरेक वर्षको वार्षिक बजेटमा वन संरक्षणका लागि बजेट विनियोजन गर्ने गरिएको ।
- वनलाई विभिन्न वर्गमा विभाजन (राष्ट्रिय वन, सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, निजी वन) गरी संरक्षणका प्रयासहरु गरिएको ।
- वन तथा भू-संरक्षण मन्त्रालय, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, वन विभाग, वनस्पति विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वातावरण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष जस्ता संस्थाहरु क्रियाशील रहेका ।
- वन र वन्यजन्तु र जैविका विविधताको संरक्षण्का लागि विभिन्न निकुञ्ज, संरक्षण क्षेत्र र आरक्षणहरुको स्थापना गरिएको ।

**प्रश्न नं. ३३: वन विनासबाट के कस्ता असर उत्पन्न हुन सक्छन् ? उल्लेख गर्नुहोस् ।**

राष्ट्रको अमूल्य सम्पतिको रुपमा रहेको वन सम्पदाको विनाशले गर्दा प्राकृतिक सन्तुलन बिग्रनुका साथै यससँग अन्तरसम्बन्धित सम्पूर्ण पक्षहरुमा नकरात्मक असर पर्न जान्छ । वन विनासबाट उत्पन्न हुन सक्ने केही प्रमुख असरहरु निम्न छन् :

- वन विनासबाट जलवायुमा प्रत्यक्ष असर पर्न जान्छ । फलस्वरुप जलवायु परिवर्तन एवं सोबाट अतिवृष्टि, अनावृष्टि लगायतका अनेक समस्याहरु बढ्न थाल्छन् ।
- वायुमण्डलमा कार्वनडाइअक्साईडको मात्रा बढ्न गई पृथ्वीको तापक्रममा वृद्धि हुन्छ ।
- अक्सिजन जस्तो अत्यावश्यक ग्याँसको मात्रा कम हुँदै जान्छ ।
- वनजंगल विभिन्न विरुवा, जनावर तथा सूक्ष्म जीवहरुको वासस्थान हो । यसको विनासले यी विविधताको पनि विनास हुन जान्छ । साथै दुर्लभ प्राणी तथा वनस्पतिहरु लोप हुन सक्छन्, जसले गर्दा समग्र वातावरणीय सन्तुलनमा नकरात्मक असर पुऱ्याउँदछ ।
- वन विनासले मरुभूमीकरण बढाई सम्पूर्ण वातावरणलाई नै नकरात्मक असर पुऱ्याउँछ ।

Question Bank Nepal

- वन विनासले अमूल्य जडीबुटीहरुको पनि विनास हुन्छ।
- वन विनासका कारणले भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरुको मात्रा बढ्दछ। यसले गर्दा उर्बर माटो (Top soil) क्षयीकरण हुन्छ। जसको फलस्वरुप उब्जनी घट्न जान्छ।
- काठ तथा अन्य निर्माण सम्बन्धी आवश्यक पर्ने कच्चा पदार्थमा कमी आउन जान्छ। जसले गर्दा वन पैदावारमा आश्रित उद्योगहरु क्रमश: धराशायी हुँदै जान्छन्।
- वनजंगलले भौगर्भिक पानीको सतह (Ground water level) लाई संरक्षण गर्ने हुनाले यसको विनासले गर्दा पानीको सतह घट्न गई पानीको उपलब्धतामा समस्या सिर्जना हुन्छ।
- वन विनासले विश्वव्यापीरुपमा कार्बनको उत्सर्जनमा सहयोग पुग्दछ।

## प्रश्न न. ३४ : वन विनाश रोक्ने उपायहरु वा वन संरक्षणका उपायहरु के हुन् ?

- लो.से. आ., २०७० (ना.सु.)

जीवन र जगतका लागि अपरिहार्य मानिने वनजंगलको विनासलाई रोकी संरक्षण गरिनु नितान्त जरुरी हुन्छ। वन विनास रोक्ने उपाय वा वन संरक्षणका उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- खाली तथा नाङ्गा डाँडाहरुमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने, जसले गर्दा वन क्षेत्रमा वृद्धि हुन्छ।
- विद्यमान वनजंगलको उचितरुपमा संरक्षणका उपायहरुको अवलम्बन गर्ने।
- काठ तस्करी र चोरी निकासीलाई नियन्त्रण गर्ने।
- वन संरक्षण सम्बन्धी ग्रामीणस्तरमा तालिमको व्यवस्था मिलाउने।
- सामुदायिक वन कार्यक्रमलाई अझ व्यवस्थित गर्ने।
- अव्यवस्थित बसाइसराइँ र अनियन्त्रित वन फँडानीलाई नियन्त्रण गर्नु पर्ने।
- निर्माण कार्यहरुमा काठजन्य वस्तुहरुको उपयोग कम गर्ने।
- खोरिया खेती प्रणालीको नकरात्मक पक्षबारे जनसमुदायलाई जानकारी गराउने।
- वन सम्बन्धी नीति नियमहरु लागू भए नभएको सम्बन्धमा समय समयमा अनुगमन गर्ने र समय अनुरुप नीतिहरुको परिमार्जन गर्ने।
- प्राकृतिक रुपमा हुने वन विनाशलाई नियन्त्रण गर्न संस्थागत प्रयत्नहरु गर्ने।
- वन विनास गर्नेलाई दण्ड र संरक्षण गर्नेलाई पुरस्कृत गर्ने प्रणालीलाई प्रभावकारी बनाउने।
- उर्जाको मुख्य स्रोतको रुपमा दाउराको प्रयोगबाट वन विनास तीव्ररुपमा भइरहेकाले दाउराको विकल्पको रुपमा वैकल्पिक उर्जा जस्तै: सौर्य उर्जा, सुधारिएको चुलो, गोबर ग्याँस आदिबारेमा जानकारी र प्रयोग गर्न प्रेरित गर्ने।



Question Bank Nepal

## प्रश्न नं. ३५: वन सम्पदाको के महत्व छ ? लेख्नुहोस् ।

स्वच्छ वातावरण र सन्तुलित हावापानी तथा दैनिक जीवनयापनका लागि वनसम्पदाको महत्वपूर्ण स्थान रहेको हुन्छ । वनसम्पदाको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- दैनिक आवश्यकता अर्थात काठ, दाउरा, घाँस आदिको आपूर्ति गर्न ।
- जैविक विविधताको संरक्षण गरी प्राकृतिक सन्तुलन कायम राख्न ।
- जलस्रोत र जलाधारको संरक्षण गर्न ।
- भू-क्षय तथा बाढी पहिरो नियन्त्रण गर्न ।
- स्वच्छ र सन्तुलित वातावरण कायम राख्न ।
- पशुपंक्षीको बासस्थान तथा आहारा प्राप्त गर्न ।
- पर्यटकीय क्षेत्रको विकास गर्न ।
- वनस्पतिजन्य वस्तुहरुको निर्यात गरी वैदेशिक मुद्रा प्राप्त गर्न ।
- रोजगारीमा वृद्धि गर्न ।
- उद्योगका लागि आधारभूत कच्चा पदार्थ प्राप्त गर्न ।
- अमूल्य र दूर्लभ जडीबुटीहरु संरक्षण गर्न ।

## प्रश्न नं. ३६: वन ऐन, २०४९ ले नेपालको वन व्यवस्थापन तथा उपयोगका सम्वन्धमा के कस्तो व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् । - लो.से.आ., २०६९ समावेशी (ना.सु.)

वन ऐन, २०४९ ले नेपालको वन व्यवस्थापन तथा उपयोगका सम्वन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :

- वनको संरक्षणका लागि राष्ट्रिय वन, सरकारबाट व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, निजी वन गरी विभिन्न प्रकारमा विभाजन गरी व्यवस्थापन गर्न खोजिएको ।
- वन अधिकृत तथा वन सम्वन्धी जिल्ला समितिलाई वनको व्यवस्थापन र संरक्षणका सम्वन्धमा अदालतलाई भए सरहको अधिकार दिएको ।
- सरकारबाट व्यवस्थित वनको व्यवस्थापनको लागि कार्ययोजना बनाई मन्त्रालयवाट स्वीकृत गराई वन अधिकृतले लागू गर्ने प्रावधान समेटिएको ।
- वनको सीमाना तोकिने, वन क्षेत्रमा निजी घरजग्गा प्राप्त गर्न नपाइने, सरकारबाट व्यवस्थित वनको वन पैदावरको स्वामित्व सरकारको हुने जस्ता प्रावधानहरु समावेश गरिएको ।
- सरकारबाट व्यवस्थित वनमा वन योजनाले निर्दिष्ट गरे बाहेक अन्य कार्य गर्न नपाइने ।
- वन संरक्षणको दृष्टिले आवश्य देखिएमा वन क्षेत्रमा प्रवेश निषेध गर्न तथा जैविक विविधता र वातावरण संरक्षको प्रयोजनको लागि वन पैदावरको संकलन, कटान, ओसार पसार, बिक्री वितरण वा विदेश निकासी गर्न प्रतिबन्ध लगाउन सक्ने जस्ता प्रावधानहरु समेटिएका ।

Question Bank Nepal

- उपभोक्ता समूह बनाई वनको उपयोगका लागि राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रुपमा समुदायलाई सुम्पन सक्ने व्यवस्था गरिएको ।
- तोकिएका कार्यहरु सञ्चालन हुने गरी राष्ट्रिय वनको कुनै भाग कवुलियती वनको रुपमा सरकारले प्रदान गर्न सक्ने व्यवस्था ।
- उपभोक्ताको हक, हितलाई असर नपर्ने गरी राष्ट्रिय वनको कुनै भाग धार्मिक वनको रुपमा सुम्पन सक्ने व्यवस्था गरिएको ।
- निजी वनधनीहरुले आफ्नो इच्छानुसार वनको उपयोग गर्न पाउने प्रावधान ।
- वनको संरक्षण र विकासका लागि संगठित संस्था सरह उपभोक्ता समूह गठन गरी दर्ता गरिने ।
- वनको व्यवस्थापन र उपयोगलाई व्यवस्थित गर्न दण्ड सजायको व्यवस्था गरिएको ।
- वन ऐन अन्तर्गतको मुद्धा सरकार वादी हुने ।

**प्रश्न नं. ३७: नेपालमा कति प्रकारका वन/जंगल पाइन्छन् ? प्रत्येकको छोटो चिनारी गराउनुहोस् । - लो.से.आ. नमूना प्रश्न (ना.सु.)**

घाँसपात, रुख विरुवा, जडीबुटी आदिको समग्र रुपलाई वनस्पति भनिन्छ भने वनजगलमा पाइने रुख बिरुवा, घाँसपात, जडीबुटी, जनावर, किटपतङ्ग, पशुपंक्षी, सरिसृप आदिलाई वन सम्पदा भनिन्छ ।

नेपालको उचाई र हावापानीका आधारमा वनमा पनि विभिन्नता पाइन्छ । वनस्पतिलाई हावापानीले प्रत्यक्ष प्रभाव पार्ने भएकाले नेपालमा पाइने ५ प्रकारका हावापानी अनुसार नै वनस्पति पनि निम्नानुसार ५ प्रकार नै छन् :

**(१) उष्ण प्रदेशीय सदाबहार जंगल**

- समुन्द्री सतहबाट करिब ५९ मिटरदेखि १,२०० मिटरसम्मको उचाईमा अर्थात तराई, भावर, दून, चुरे पर्वत श्रेणीमा यस प्रकारको वन पाइन्छ ।
- सधैंभरि हरियो रहिरहने हुनाले यस क्षेत्रको जंगललाई सदाबहार जंगल भनिएको हो ।
- आद्रतायुक्त तापक्रम, वर्षाको प्रचुरता, माटोको उर्वरता आदिका कारण यस्तो वनमा अग्ला, मोटा र कडा प्रकृतिका रुखहरु हुन्छन ।
- साल, सिसौ, खयर, कत्था, सिमल, साँवे, ढड्डी जस्ता जातका वनस्पति पाइन्छ ।
- घना जंगलका कारण बाघ, भालु, हात्ती, गैंडा, अजिगंर जस्ता जीवजन्तु पाइन्छन् ।
- यो जंगल आर्थिक र जैविक दृष्टिले निकै महत्वपूर्ण मानिन्छ ।
- 'चारकोशे भाडी' भनिने जंगल पनि यसै क्षेत्रमा पर्छ ।

**(२) समशीतोष्ण पतभड जंगल**

- समुन्द्री सतहबाट करिब १,२०० मिटरदेखि २,१०० मिटरसम्मको क्षेत्रमा अर्थात चुरे पहाडको माथिल्लो भाग र महाभारत पर्वतको तल्लो क्षेत्रमा यस प्रकारको वनस्पति पाइन्छ ।

Question Bank Nepal

- ग्रीष्ममा झ्याम्म हुने, हिउँदमा पात झरी उजाड हुने हुँदा पतझड जंगल भनिएको ।
- बाँज, वर, पिपल, सल्ला, साल, वेत, बाँस, उन्यु, उत्तिस, लाकुरी, चिलाउने, गुराँस, देवदारु, चाँप, कटुस आदि वनस्पति यस प्रकारको जंगलमा मुख्य रुपले पाइन्छ ।
- तल्लो भागमा आंशिक सदाबहादर, बीचमा पुरै पतझड र माथिल्लो भागमा पतझड र कोणधारी वनस्पतिको सम्मिश्रण पाइन्छ ।

**(३) समशीतोष्ण कोणधारी जंगल**

- समुन्द्री सतहबाट करिब २,१०० मिटरदेखि ३,३०० मिटरको उचाईमा यस प्रकारको वनस्पति पाइन्छ ।
- अधिकांश समय ठण्डा र हिउँ परिरहने हुनाले रुखहरु चुच्चों र ठाडो परेका हुन्छन्।
- रुखका पातहरु माथितिर चुच्चो र ठाडो परेका हुनाले कोणधारी भनिएको हो ।
- यस क्षेत्रको जंगलमा वर्षा कम, चिसो बढी हुने हुनाले धुपी, सल्लो, भोजपत्र, देवदारु, गुराँस, कटुस, सुनगाभा, चाँदीगाभा, वेतवाँस आदि वनस्पति पाइन्छन् ।
- यस्तो जंगलमा डाँफे, मुनाल, च्याखुरा, कालिज, घोरल, मृग, हरिण मुख्य रुपले पाइने वन्यजन्तु हुन् ।

**(४) लेकाली वन**

- सतहबाट ३,३०० मिटरदेखि ५,००० मिटरसम्मको उचाईमा यस्तो जंगल पाइन्छ ।
- वर्षैभरी हिउँ, चिसो र शुष्क हावापानी पाइने हुनाले ठूला र अग्ला रुखको सट्टा पोथ्रा र झाडी मात्र पाइन्छन् ।
- करिब ३,६०० मिटरसम्मको उचाईमा धुपी, देवदारु, गुराँस, ओखर, निगालो, खस्रु जस्ता वनस्पति पाइन्छन् ।
- ३,६०० मिटरभन्दा माथि घाँसका अग्ला फाँटहरु, जडीबुटी आदि पाइन्छ ।
- चरणका लागि उपयुक्त फाँटहरु पाइनन्छन् ।

**(५) टुण्ड्रा वनस्पति**

- समुन्द्र सतहबाट ५,००० मिटरभन्दा माथि अर्थात हिमरेखाभन्दा माथिको भू-भागको वनस्पतिलाई टुण्ड्रा वनस्पति भनिन्छ ।
- यस्तो वनलाई शीत मरुभूमि वन, हिमाली वनस्पति, हिम मरुस्थलीय वनस्पति पनि भन्ने गरिन्छ ।
- बाह्रै महिना हिउँ पर्नाले वनस्पति उम्रन नसक्ने हुँदा हिउँ नअड्ने भिरालो ठाउँमा लेउ र झ्याउ मात्र पाइन्छ ।
- यो हिम मानव (यति) को वासस्थानको रुपमा समेत चिनिने वनस्पति हो ।

Question Bank Nepal

# नक्सा सम्वन्धी जानकारी

**प्रश्न नं. १: नक्साको के महत्व रहेको छ ?**

नक्साबाट धेरै कुराको जानकारी लिन सकिन्छ । मुख्यगरी नक्साको माध्यमले कुनैपनि विषयको एकमुष्ट जानकारी पाउन सकिन्छ । यसको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

- कुनै स्थान पत्ता लगाउन,
- कतै भ्रमण, अवलोकन गर्नुपरेमा सरल र सहज हुने,
- कुनै भौगोलिक क्षेत्रको पूर्व जानकारी लिन,
- भौगोलिक वनावटको जानकारी लिन,
- स्थान विशेषको बनावटका आधारमा हावापानीको किसिमको जानकारी प्राप्त गर्न,
- वनस्पति, भू-उपयोग, जनसंख्या आदिवारे जानकारी लिन,
- जनघनत्व, सञ्चारका साधन र तिनको प्रयोग जस्ता विषयहरुको जानकारी लिन,
- उद्योगधन्दा, कलकारखानाहरुको जानकारी लिन,

**प्रश्न नं. २: जानकारीमूलक नक्सा (Themetic Map) बाट मुख्यगरी कस्ता कस्ता विषयहरुको जानकारी प्राप्त हुन्छ ?**

विभिन्न विषयवस्तुहरुको जानकारी गराउने प्रयोजनका लागि तयार गरिएका नक्साहरुलाई जानकारीमूलक नक्सा भनिन्छ । यस्ता नक्साबाट मुख्यत: निम्न पक्षहरुको जानकारी प्राप्त हुन्छ :

- भौतिक विषयहरु सम्बन्धी जस्तै : जमिनको उचाई, नदीनालाहरु,
- राजनीति सम्बन्धी विषयवस्तुहरु जस्तै : मुलुकहरु, अञ्चल र जिल्ला, गाउँ, बस्तीहरु,
- जनघनत्व, वातावरणको किसिम, हावापानी, सञ्चारका साधन र तिनको प्रयोग,
- उद्योगधन्दा, कलकारखाना,
- तथ्याङ्क, वनस्पति, भू-उपयोग, जनसंख्या आदि ।

**प्रश्न नं. ३: नक्सामा प्रयोग हुने कस्ता रंगले केलाई जनाउँछ साथै नक्सा वनाउँदा ध्यान दिनु पर्ने कुराहरु के के हुन् ?**

**नक्सा बनाउँदा प्रयोग गरिने रङहरु**

- हिमाली क्षेत्रलाई सेतो रङमा
- जल क्षेत्रलाई निलो रङमा
- वन क्षेत्रलाई हरियो रङमा
- मानव बसोबास क्षेत्रलाई प्रायजसो खैरो रङमा

**नक्सा बनाउँदा ध्यान दिने पक्षहरु**

- पेपरको साइजको आधारमा मात्र चित्र तयार गर्ने,
- चित्रमा संकेत, दिशा जनाउने,


Question Bank Nepal

- चित्र कोर्दा पेन्सिलको प्रयोग गर्ने वा स्पष्ट रेखा बनाउने,
- प्रष्ट बुझिने र शुद्ध अक्षरहरु लेख्ने वा छाप्ने,
- चित्रको स्पष्ट र छोटो शिर्षक राख्ने,
- विश्वव्यापी मान्यताका आधारमा रंगहरुको प्रयोग गर्ने,




**प्रश्न नं. ४: नक्सामा प्रयोग गरिने तलका संकेतहरु के कुरा जनाउनका लागि प्रयोग हुन्छन् ?**

वा


**नेपालको नक्सामा प्रयोग हुने पाँचवटा चिन्ह बनाउनुहोस् । चिन्हको नाम दिनुहोस् । उदाहरणको निम्ति रेलमार्गको चिन्ह दिइएको छ ।**



अन्तर्राष्ट्रिय मान्यताका आधारमा तयार पारिने चित्रहरुमा प्रयोग हुने मुख्य मुख्य संकेतहरु र तिनको अर्थलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :


| संकेत चिन्हहरू | संकेतको अर्थ |
|---|---|
|  | सदरमुकाम/राजधानी/विकास क्षेत्र |
|  | अन्तराष्ट्रिय सिमाना |
|  | रज्जु मार्ग (रोप वे/केवलकार) |
|  | हवाई मार्ग |
|  | विमानस्थल |
|  | वन-जंगल क्षेत्र |
|  | ताल |
|  | राष्ट्रिय निकुञ्ज |
|  | नदी |

Question Bank Nepal

| | |
|---|---|
|  | मार्ग (सडक) |
|  | वादल |
|  | मन्दिर/धार्मिक स्थल |
|  | चैत्य/गुम्बा |
|  | भञ्ज्याङ |
|  | घाँसे मैदान |
|  | झर्ना |
|  | रेल मार्ग |
|  | हिमनदी |
|  | चुचुरो/हिमाल/टाकुरा/पर्वत |
|  | कृषि बाली |
|  | पर्वत श्रेणी/हिमश्रृखंला |

Question Bank Nepal

प्रश्न नं. ५: नेपालको नक्सा बनाई निम्न लिखित तथ्यहरु भर्नुहोस् :
(क) पूर्व पश्चिम राजमार्ग (ख) दिपायल (ग) चितवन राष्ट्रिय निकुञ्ज (घ) फेवा ताल (ङ) कपास उत्पादन क्षेत्र (च) कोशी नदी (छ) मकालु हिमाल
- लो.से.आ. २०६९ (खुल्ला, खरिदार) अंक ३ + ७=१०




Question Bank Nepal

# १.२ नेपालको राजनैतिक विभाजनको आधार, महत्व र विशेषता

**प्रश्न नं.१: नेपाललाई राजनैतिक रुपले कसरी विभाजन गरिएको छ ?**

नेपाललाई राजनैतिक रुपले २४० वटा निर्वाचन क्षेत्र, ५ वटा विकास क्षेत्र, १४ वटा अञ्चल, ७५ वटा जिल्ला, ९९ वटा नगरपालिका, विभिन्न गा.वि.स. तथा नगरपालिकाहरु समेटिने गरी इलाका, ३९१५ वटा गा.वि.स. र वडाहरु (नगरपालिका अन्तर्गत ३५ वडामा नबढ्ने गरी तथा गा.वि.स अन्तर्गत ९ वटा वडा) मा विभाजन गरिएको छ ।

**प्रश्न नं. २: नेपालको राजनैतिक विभाजन कहिले गरियो ?**

विकासका दृष्टिले पछाडि परेका क्षेत्रहरुलाई विकेन्द्रिकरणको माध्यमबाट सबै स्थानको सन्तुलित विकास गर्ने उद्देश्यले नेपाललाई बि.सं. २०१८ साल बैशाख १ मा १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो ।

यसलाई अझ प्रभावकारी बनाउने हेतुले बि. सं. २०२९ आषाढ २६ गते ४ बिकास क्षेत्रमा र बि.सं. २०३७ सालमा सेती र महाकालीलाई छुट्याई ५ विकासक्षेत्रमा समेत विभाजन गरी आवश्यक प्रशासनिक संरचनाको समेत विकास गरियो ।

त्यस्तै २०६३ सालको अन्तरिम संविधानसँगै नेपाललाई २४० वटा निर्वाचन क्षेत्रमा विभाजन गरियो भने विभिन्न समयक्रममा जिल्लालाई इलाकामा, नगरपालिका, गा.वि.स. र वडाहरुमा विभाजन गरिए अनुसार हाल ९९ नगरपालिका, ३९१५ गा.वि.स.हरु रहेका छन् ।

**प्रश्न नं. ३: नेपालको राजनीतिक विभाजनका आधारहरु के के हुन् ?**

देशलाई राजनीतिक रुपमा विभिन्न निर्वाचन क्षेत्र, विकासक्षेत्र, अञ्चल, जिल्ला, इलाका, गाउँ विकास समिति, वडा गरी विभाजन गरिएको छ । हरेक देशको राजनीतिक विभाजनका निश्चित सर्वमान्य तथा स्थानीय आधारहरु हुने गर्दछन् । नेपालको पनि यस प्रकारको राजनीतिक विभाजनको आधारहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- भौगोलिक परिवेश तथा भूवनोट,
- ऐतिहासिक परिस्थिति,
- जनसंख्या र सामाजिक संरचना,
- विकेन्द्रीकरणको मर्म र सिद्धान्त,
- नागरिकहरुको सामाजिक पहिचान,
- राज्यको अवस्था र प्रकृति,



Question Bank Nepal

- आन्तरिक सुरक्षा,
- विकासको स्तर,
- आन्तरिक एवं वाह्य पक्षको प्रभाव र दवाव,
- नेतृत्वको भूमिका,
- राजनीतिक संस्कृति,
- शिक्षा तथा चेतनास्तर आदि ।

**प्रश्न नं. ४: नेपालको राजनीतिक विभाजनका विशेषताहरु उल्लेख गर्नुहोस् ।**

नेपालको राजनीतिक विभाजनका विशोषताहरु निम्नानुसार छन् :

- जनसंख्या तथा भौगोलिक संरचना अनुसार विभाजन,
- राज्यको आन्तरिक सुरक्षा तथा विकासको दृष्टिकोणबाट प्रभावित,
- विकेन्द्रीकरणको मर्म र सिद्धान्तबाट निर्देशित,
- नागरिकको सामाजिक पहिचानलाई जोड दिइएको,
- भौगोलिक परिवेश तथा भूवनोटबाट प्रभावित,
- ऐतिहासिक परिस्थितिसँग सम्वन्धित,
- जनसंख्या र सामाजिक संरचनाबाट प्रभावित,
- आन्तरिक एवं वाह्य पक्षको प्रभाव र दवावमा आधारित,
- नेतृत्वको भूमिका र क्षमतामा निर्भर आदि ।

**प्रश्न नं. ५: राजनीतिक विभाजनको महत्वबारे संक्षेपमा प्रकाश पार्नुहोस् ।**

देशको राजनीतिक विभाजनको महत्वलाई निम्नानुसार प्रष्ट पार्न सकिन्छः

- विकेन्द्रित शासन पद्धतिको माध्यमले सेवा प्रवाह प्रणालीलाई प्रभावकारी बनाउन,
- राज्यशक्तिको प्रयोग र अभ्यास गर्न,
- निर्वाचन प्रक्रियालाई सरल, सहज,
- नागरिकहरुको पहिचान कायम गर्न,
- सन्तुलित विकास प्रकृयालाई अवलम्वन गर्न,
- क्षेत्रीय सन्तुलन कायम राख्न,
- विकासका गतिविधि, क्रियाकलापहरु र प्रक्रियालाई सहज बनाउन,
- राज्यको सामाजिक, आर्थिक, राजनैतिक विकास प्रक्रियालाई एकसाथ अगाडि बढाउन,
- एकीकृत समाजको व्यवस्थापन गर्न,

**प्रश्न नं. ६: क्षेत्रफलका आधारमा नेपालका सबैभन्दा ठूला ५ जिल्ला र तिनको क्षेत्रफल लेख्नुहोस् ।**

क्षेत्रफका आधारमा नेपालका सबैभन्दा ठूला ५ जिल्लाहरु निम्नानुसार छन्:

डोल्पा (७८८९ वर्ग कि.मी.)

हुम्ला (५६५५ वर्ग कि.मी.)

Question Bank Nepal

ताप्लेजुङ (३६४६ वर्ग कि.मी.)
गोरखा (३६१० वर्ग कि.मी.)
मुस्ताङ (३५७३ वर्ग कि.मी.)

**प्रश्न नं. ७: क्षेत्रफलका आधारमा नेपालका सबैभन्दा साना ५ जिल्ला र तिनको क्षेत्रफल लेख्नुहोस् ।**

क्षेत्रफलका आधारमा नेपालका सबैभन्दा साना ५ जिल्लाहरु निम्नानुसार छन्:
भक्तपुर (११९ वर्ग कि.मी.)
ललितपुर (३८५ वर्ग कि.मी.)
काठमाडौं (३९५ वर्ग कि.मी.)
पर्वत (४९४ वर्ग कि.मी.)
तेह्रथुम (६७९ वर्ग कि.मी.)

**प्रश्न नं. ८: पूर्वाञ्चलमा पर्ने जिल्ला र तिनका सदरमुकामहरु लेख्नुहोस् ।**

पूर्वाञ्चलका ३ अंचल अन्तर्गत पर्ने १६ जिल्ला र तिनका सदरमुकामहरु निम्नानुसार रहेका छन् :

| अंचल | जिल्ला | सदरमुकाम |
|---|---|---|
| मेची | झापा | चन्द्रगढी |
| | इलाम | इलाम |
| | पाँचथर | फिदिम |
| | ताप्लेजुङ | ताप्लेजुङ |
| कोशी | संखुवासभा | खाँदवारी |
| | भोजपुर | भोजपुर |
| | तेह्रथुम | म्याङलुङ |
| | धनकुटा | धनकुटा |
| | सुनसरी | इनरुवा |
| | मोरङ | बिराटनगर |
| सगरमाथा | सोलुखुम्बु | सोलुसल्लेरी |
| | ओखलढुंगा | ओखलढुंगा |
| | खोटाङ | दिक्तेल |
| | उदयपुर | गाईघाट |
| | सिराहा | सिराहा |
| | सप्तरी | राजविराज |

**प्रश्न नं. ९: सुदूर पश्चिचाञ्चलका जिल्ला र तिनका सदरमुकामहरु लेख्नुहोस् ।**

सुदूर पश्चिमाञ्चलका २ अंचल अन्तर्गत पर्ने ९ वटा जिल्ला र तिनका सदरमुकामहरु निम्नानुसार रहेका छन् :

Question Bank Nepal

| अंचल | जिल्ला | सदुरमुकाम |
|---|---|---|
| सेती | बझाङ | चैनपुर |
| | बाजुरा | मार्तडी |
| | अछाम | मंगलसेन |
| | डोटी | सिलगढी |
| | कैलाली | धनगढी |
| महाकाली | कञ्चनपुर | महेन्द्रनगर |
| | दार्चुला | दार्चुला |
| | बैतडी | बैतडी |
| | डडेल्धुरा | डडेल्धुरा |

**प्रश्न नं. १०: पश्चिमाञ्चल विकास क्षेत्र जिल्ला र तिनका सदरमुकामहरु लेख्नुहोस् ।**

पश्चिमाञ्चलका ३ अंचल अन्तर्गत पर्ने १६ वटा जिल्ला र तिनका सदरमुकामहरु निम्नानुसार रहेका छन् :

| अंचल | जिल्ला | सदुरमुकाम |
|---|---|---|
| गण्डकी | कास्की | पोखरा |
| | लमजुङ्ग | वेशीशहर |
| | गोरखा | गोरखा |
| | तनहुँ | दमौली |
| | स्याङ्गजा | पुतलीबजार |
| | मनाङ्ग | चामे |
| धौलागिरी | मुस्ताङ्ग | जोमसोम |
| | म्याग्दी | वेनी |
| | वाग्लुङ्ग | वाग्लुङ्ग |
| | पर्वत | कुस्मा |
| लुम्बिनी | अर्घाखाँची | सन्धिखर्क |
| | रुपन्देही | भैरहवा |
| | गुल्मी | तम्घास |
| | नवलपरासी | परासी |
| | पाल्पा | तानसेन |
| | कपिलवस्तु | तौलिहवा |

**प्रश्न नं. ११: नेपालको राजनैतिक विभाजनको आधार, महत्व र विशेषताहरु के के हुन् ? वर्णन गर्नुहोस् । - लो.से.आ. २०६८ (समावेशी, खरिदार)**

यसको उत्तरका लागि प्रश्न नं. ३, ४ र ५ नं. का उत्तरहरु हेर्नुहोला ।



Question Bank Nepal

# १.३ नेपालको विकासका पूर्वाधारहरु (शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, खानेपानी, विद्युत तथा अन्य ऊर्जाका श्रोतहरु आदि) को विकासको अवस्था

**प्रश्न नं. १: विकासका पूर्वाधार भनेको के हो ? नेपालको विकासका पूर्वाधारहरु के के हुन् ?**

देशको सर्वाङ्गिण विकासका लागि नभै नहुने भौतिक तथा सामाजिक आधारहरुलाई विकासका पूर्वाधार भनिन्छ । यस्ता आधारलाई विकासका पूर्वशर्त पनि भनिन्छ । यिनीहरुले विकास प्रकृयालाई सहज बनाउने भूमिका निर्वाह गर्ने हुनाले यिनीहरुलाई विकासका माध्यम पनि भन्ने गरिन्छ ।

नेपालको सन्दर्भमा पूर्वाधारलाई भौतिक पूर्वाधार र सामाजिक पूर्वाधार गरी दुई भागमा विभाजन गरी हेर्ने गरेको पाइन्छ । भौतिक पूर्वाधार अन्तर्गत यातायात, संचार, खानेपानी, उर्जा पर्छन् भने सामाजिक पूर्वाधारतर्फ शिक्षा र स्वास्थ्यलाई लिने गरिन्छ ।

**प्रश्न नं. २: शिक्षालाई किन विकासको पूर्वाधार मानिन्छ ? छोटो टिप्पणी लेख्नुहोस् ।**
**अंक २.५ - लो.से.आ. २०६९ (समावेशी, खरिदार)**

वा

**शिक्षाबाट मानसिको जीवनमा पर्ने कुनै पाँच सकारात्मक प्रभावको बयान गर्नुहोस् । अंक ५ - लो.से.आ. २०६८ (खुल्ला, खरिदार)**

शिक्षाले विकासको अनुभूति गराउने, विकास प्रकृया र पद्धति सिकाउने तथा नविन खोज र अनुसन्धानका लागि मार्ग प्रशस्त गर्ने कार्य गर्दछ । शिक्षाले मानिसको चेतनाको स्तर वृद्धि गर्दछ । चेतना स्तरले मानिसको चौतर्फी विकासमा टेवा पुऱ्याउँछ । शिक्षाले सीप र व्यवहार सिकाउँछ । सीप र व्यवहारले नै गुणात्मक र सक्षम जीवनशैलीको अनुसरण गर्न सिकाउँछ ।

यसका साथै शिक्षाले निम्न कुराहरु गर्ने हुनाले शिक्षालाई विकासको पूर्वाधार मानिन्छ:

- आर्थिक विकासको मार्ग र खाका देखाउने,
- रचनात्मक र सिर्जनशील हुन सिकाउने,
- समस्याको समाधान गर्न सिकाउने,
- उद्यमशील तथा स्वावलम्वी बन्न ज्ञान दिलाउने,
- जीवनस्तर उकास्न र समाजमा प्रतिष्ठित बन्न सिकाउने,
- समाजको परिवर्तनको खाका देखाउने,



Question Bank Nepal

- विकासका संभावना र तरिकाहरु देखाउने,
- विकासको आवश्यकताको बोध, विकासको तरिका र प्रकृयाबारे जानकारी गराउने आदि ।

**प्रश्न नं. ३: नेपालको शिक्षा क्षेत्रमा देखिएका प्रमुख समस्याहरु के के हुन् ? उल्लेख गर्नुहोस् ।**

- शिक्षालाई उत्पादन, रोजगारी तथा व्यवहारसँग जोड्न नसक्नु,
- सबै विद्यालय तथा क्याम्पसहरुमा निश्चित मापदण्ड अनुसारको पूर्वाधारको विकास गर्न नसक्नु,
- शिक्षालाई राज्यले प्राथमिकतामा राख्न नसक्नु,
- वर्षौंसम्म पनि खुला प्रतिस्पर्धाको माध्यमले योग्य शिक्षकहरुको नियुक्ति गर्न नसक्नु,
- शिक्षालाई शान्तिक्षेत्र बनाउन नसक्नु,
- राजनीतिक उद्देश्यपूर्तिको माध्यमको रुपमा शिक्षा क्षेत्रलाई लिने गर्नु,
- सामुदायिक र संस्थागत विद्यालय बीचको शैक्षिक उपलब्धिलाई समान बनाउन नसक्नु,
- संस्थागत विद्यालयहरुलाई नियमन गर्न नसक्नु,
  छात्रा एवं सिमान्तकृत समुदायका बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न नसक्नु,
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा सर्वसाधारणको पहुँच स्थापित गर्न नसक्नु,
- देशमा दुई प्रकारको जनशक्ति उत्पादन गर्नु,
- शिक्षकहरु राजनीतिक दलका प्रवक्ताको रुपमा कार्य गर्नु,
- शिक्षाको अनुगमन मुल्याङ्क पद्धति कमजोर हुनु आदि ।

**प्रश्न नं. ४: शिक्षा क्षेत्रमा देखिएका समस्या समाधानका उपायहरु के के हुन् ?**

- शिक्षालाई जीवनोपयोगी बनाउन श्रम बजारको आवश्यकता अनुसारको वैज्ञानिक र व्यवसायिक शिक्षा प्रणाली अवलम्वन गर्ने,
- निजी र सरकारी शिक्षा बीचको गुणस्तरमा रहेका व्यापक अन्तर कम गर्न सरकारी विद्यालयको गुणस्तर वृद्धि गर्ने,
- कुल राष्ट्रिय बजेटको २० देखि २५% रकम अनिवार्य रुपले शिक्षा क्षेत्रमा खर्च गर्ने,
- विद्यालयहरुलाई समुदायमा हस्तान्तरण गर्ने कार्यलाई तिब्र बनाउने,
- विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने
- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट कार्ययोजना सहित लागू गर्ने,
- तत्काल खुला प्रतिस्पर्धाका आधारमा योग्य शिक्षकको नियुक्ति गर्ने,
- शिक्षालाई तत्काल शान्तिक्षेत्र घोषणा गरी कडाईका साथ पालना गर्ने,
- शिक्षकले रानजीतिक गर्न नपाउने कानूनी प्रावधानको व्यवस्था कडाईका साथ पालना गर्ने,
- शिक्षा क्षेत्रको अनुगमन मुल्याङ्क पद्धति प्रभावकारी बनाउने आदि ।



Question Bank Nepal

**प्रश्न नं. ५: तेह्रौं (त्रिवर्षीय) योजनामा स्वास्थ्य क्षेत्र सम्बन्धी के कस्ता उपलब्धीहरु हासिल हुने अनुमान गरिएको छ ?**

नेपालको अन्तरिम योजनामा स्वास्थ्य क्षेत्र सम्बन्धी देहायका उपलब्धीहरु हासिल हुने अनुमान गरिएको छ :

- नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) १६ मा झर्ने,
- शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) ३२ मा झर्ने,
- बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) ३८ मा झर्ने,
- कम तौल भएका शिशु २९ प्रतिशतमा झर्ने,
- मातृ मृत्युदर (प्रति लाख) १३२ मा झर्ने र
- पूर्व प्रसूति सेवा चारपटक प्राप्त गर्ने महिला ६५ प्रतिशत पुग्ने

**प्रश्न नं. ६: तेह्रौं त्रिवर्षीय योजनाको आधारपत्रमा स्वास्थ्य सम्बन्धी के कस्ता रणनीतिहरु तय गरिएका छन् ? उल्लेख गर्नुहोस् ।**

तेह्रौं त्रिवर्षीय योजनाको आधारपत्रमा तय भएका स्वास्थ्य सम्बन्धी रणनीतिहरु निम्नानुसार छन् :

१. निःशुल्क आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार र गुणस्तरमा बृद्धि गर्ने ।
२. प्रतिरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र पुनस्थापनामूलक सेवाहरुलाई प्राथमिक स्वास्थ्य सेवाको रुपमा सञ्चालन गर्ने ।
३. मानव संशाधन, भौतिक संरचना, स्वास्थ्य संस्थाको क्षमता विकास र औषधि-उपकरणलाई स्वास्थ्य संस्थाको स्तरअनुसार प्रभावकारी व्यवस्थापन गर्ने ।
४. सर्ने वा नसर्ने रोगहरुको उपचार सेवा सुविधामा बिस्तार गर्ने ।
५. स्वास्थ्य सेवा प्रवाह तथा उपयोग सम्बन्धमा सरकारी, निजी, सहकारी तथा विकासका साझेदार संस्थाहरुसंगको सहकार्य अभिबृद्धि गर्ने ।
६. उच्च जोखिममा परेका नागरिकको पोषणमा सुधार ल्याउन बहुक्षेत्रीय पोषणको कार्यक्रम सञ्चालन गरी पोषणको अवस्थामा सुधार गर्ने ।

**प्रश्न नं. ६: नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका मुख्य मुख्य समस्याहरु के के हुन् ?**

- स्वास्थ्य सेवाहरु शहरमा केन्द्रित हुनु तथा दुर्गम क्षेत्रहरुमा विशेषज्ञ प्रकृतिको स्वास्थ्य सेवा उपलब्ध नहुनु,
- सामान्य सरुवा रोगको कारण अकालमा ज्यान गुम्नु,
- देशको सबै ठाउँमा पर्याप्त स्वास्थ्य उपचारको लागि स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, उपकरण तथा औषधीको व्यवस्था हुन नसक्नु,
- ग्रामीण क्षेत्रका अधिकांश जनताको धामी झाँकीभन्दा स्वास्थ्य क्षेत्र पहिलो विश्वासको केन्द्र बन्न नसक्नु,
- निजी स्वास्थ्य सेवा अत्यन्त महङ्गो हुनु र सरकारी स्वास्थ्य सेवा गुणस्तरीय एवं प्रभावकारी हुन नसक्नु,,
- अझै पनि मातृ मृत्युदर, शिशु मृत्युदर, वालमृत्युदर उच्च रहेको तथा औसत आयु विकसित देशको तुलनामा ज्यादै कम हुनु,

Question Bank Nepal

- स्वास्थ्य सेवालाई व्यापारको दृष्टिले मात्र हेर्दा गुणस्तरीय सेवा पाउन कठिन हुनु,
- स्वास्थ्य सेवाको अनुगमन तथा मूल्याङ्कन कमजोर हुनु आदि ।

## प्रश्न नं. ७: विकासका लागि यातायातको किन आवश्यकता पर्दछ ?

वा

## विकासका लागि यातायातको के महत्व रहेको छ ?

विकासका भौतिक पूर्वाधारहरु मध्ये सशक्त पूर्वाधारको रुपमा यातायातलाई लिइन्छ । यातायात भनेको अरु पूर्वाधार विकासको समेत आधार हो । यसले विकास प्रकृयालाई सरल र सहज बनाइदिन्छ । यसको महत्व या आवश्यकतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- सञ्चार, विद्युत, खानेपानी, शिक्षा, स्वास्थ्य जस्ता विकासका अन्य पूर्वाधारहरुको विस्तार गर्न सघाउ पुग्ने
- यातायातको माध्यमबाटै पहुँचयोग्य वातावरणको सृजना हुने,
- यातायातको विस्तारबाट मात्र पर्यटनको विकास संभव हुने,
- उद्योग, कलकारखाना, कृषि क्षेत्र, व्यापार लगायतका अन्य क्षेत्रहरुको विकासको आधारको रुपमा काम गर्ने,
- रोजगारीमा अभिवृद्धि हुने,
- आर्थिक विकास, सेवा प्रवाह र सामाजिक एकीकरणमा सघाउ पुग्ने,
- क्षेत्रीय असमानता हटाउन, आर्थिक क्रियाकलापलाई गतिशीलता प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सहयोग पुग्ने,
- आवतजावतको लागि सुविधा हुने आदि ।

## प्रश्न नं.८: सञ्चार भनेको के हो ?

दुई वा दुई भन्दा बढी व्यक्ति वा समूह वा निकाय बीच सूचना वा जानकारी आदान प्रदान गर्ने कार्यलाई सञ्चार भनिन्छ । यो एक व्यक्तिले अर्को व्यक्तिलाई बुझ्ने वा अर्को पक्षको विचार, धारणा, मूल्य, मान्यता थाहा पाउने प्रकृया हो ।

- सञ्चारलाई सामान्य रुपमा ञ्यियम ऋष्अगबितष्यल ञ्थकतभ्क को रुपमा पनि हेरिन्छ ।
- संचार एउटा यस्तो साधन हो, जसले समग्र प्रणाली र प्रकृयालाई सहज बनाउँछ र कार्यान्वयन पक्षलाई सुदृढ गर्छ ।

संचारले एक व्यक्ति, समुदाय, संगठन वा राष्ट्रलाई अर्को व्यक्ति, समुदाय, संगठन एवं राष्ट्रलाई जोड्ने सेतुको काम गर्ने भएकाले यसलाई विकासको महत्वपूर्ण पूर्वाधारको रुपमा लिने गरिन्छ ।



Question Bank Nepal

## प्रश्न नं. ९: विकासमा सञ्चारले कस्तो भूमिका निर्वाह गरेको हुन्छ ?

वा

## विकास प्रकृयामा संचारको महत्वमाथि प्रकाश पार्नुहोस् ।

विकासको जग चेतनासँग सम्वन्धित छ । चेतना सूचना तथा संचारसँग जोडिएको हुन्छ । सूचना तथा संचार क्षेत्रको व्यापक विकास र विस्तारबाट निम्न प्रभाव पर्ने भएकाले हुँदा विकासमा यसको महत्वपूर्ण स्थान रहेको हुन्छ ।

- नागरिकहरुको चेतनास्तरमा वृद्धि ल्याउने,
- संचारकै कारण विकास सम्वन्धी जानकारीहरु, प्रविधि, पद्धति जस्ता कुराको सहज जानकारी हुने,
- जानकारी, जनताको नयाँ-नयाँ प्रविधि एवं आविष्कारहरुमा पहुँच पुऱ्याउने,
- मानिसहरुमा ज्ञान र सीपको विकास गर्न सजिलो हुने,
- सूचना लिने र दिने कार्यमा समयको वचत हुने,
- विज्ञान र प्रविधिको विकासबारे सर्वसाधारणलाई सुसुचित गर्न सहज हुने,
- नागरिकहरुको सूचनाको हकलाई सुनिश्चितता प्रदान गर्न सघाउ पुग्ने,
- संचार विना विकासका आयोजधारहरु उद्योग, व्यापार, सडक, शिक्षा, उर्जा आदिको विकासमा समेत असर गर्ने आदि ।

## प्रश्न नं. १०: नेपालमा देखिएको खानेपानी समस्याको कारण उल्लेख गरी यस समस्याको समाधानका उपायहरुलाई तालिका बनाएर उल्लेख गर्नुहोस् । - लो.से.आ. २०६९ (समावेशी, खरिदार) अंक २.५+२.५

नेपालमा देखिएको खानेपानी समस्याका कारणहरु निम्नानुसार छन् :

- खानेपानीका क्षेत्रमा कार्यरत निकायहरुबीच योजना कार्यान्वयन तथा अनुगमनमा समन्वयको कमी हुनु,
- पर्याप्त बजेटको अभावमा पुराना आयोजनाहरुको नियमति मर्मत, सम्मार र समयोचित सुधार तथा विस्तार हुन नसक्नु,
- छरिएर रहेका वस्तीमा खानेपानी उपलब्ध गराउन भौगोलिक रुपले कठिन हुनु,
- वनजंगल विनाश र जलवायु परिवर्तनका कारण पानीका मुहान र स्रोतहरु सुक्दै जानु,
- आर्थिक स्रोतको अभावमा माग अनुसार पर्याप्त र दिगोरुपमा गुणस्तरीय खानेपानी उपलब्ध गराउन नसक्नु,
- कमजोर विकेन्द्रीकरण एवं स्थानीय निकाय जनप्रतिनिधिविहीन भएका कारण पानीका स्रोत, मुहानहरुको उचित संरक्षण हुन नसक्नु,
- खानेपानी प्रभावकारीरुपमा उपलब्ध गराउने सरकारी प्रयास कमजोर हुनु,
- संलग्न निकायहरु नै प्रभावकारी नहुँदा गुणस्तरीय र शुद्ध खानेपानी उपलब्ध हुन नसक्नु,

खानेपानीका क्षेत्रमा देखिएका उल्लेखित समस्या समाधानका लागि निम्नानुसारका उपायहरुको अवलम्बन गरिनु पर्दछ :



Question Bank Nepal

**तत्कालिन उपाय**

- खानेपानीका क्षेत्रमा कार्यरत निकायहरुबीच योजना कार्यान्वयन तथा अनुगमनका सम्बन्धमा प्रभावकारी समन्वय कायम गर्ने ।
- संलग्न निकायहरुको कार्यमा प्रभावकारिता अभिवृद्धि गरी शुद्ध खानेपानी उपलब्ध गराउने ।
- तत्काल स्थानीय निकायको निर्वाचन गरी जनप्रतिनिधिमूलक संस्थामार्फत पानीका स्रोत, मुहानहरुको उचित संरक्षण गर्ने ।
- खानेपानीलाई पहिलो प्राथमिकतामा राखी आयोजनाहरु सञ्चालन गर्ने ।
- संलग्न निकायहरुको क्षमता अभिवृद्धि गर्ने ।
- निश्चित गुणस्तर कायम गर्ने सम्बन्धमा स्पष्ट मापदण्ड तयार गरी लागू गर्ने ।

**दीर्घकालका उपाय**

- दीर्घकालीन योजना बनाई छरिएर रहेका वस्तीसम्म खानेपानी योजना विस्तारका कार्य गर्ने ।
- स्थानीय स्रोतहरुको परिचालन, वैदेशिक सहायताको खोजी गरी स्रोतको अभावलाई पुर्ति गर्न पहल गर्ने ।
- वनजंगलको संरक्षणका उपाय निरन्तर अपनाउने ।
- जलवायु परिवर्तनबाट पर्न सक्ने असरको न्यूनीकरण गर्ने उपाय अपनाउने ।

**प्रश्न नं. ११: संचार क्षेत्रमा देखिएका प्रमुख समस्याहरु उल्लेख गर्दै समस्या समाधानका लागि के कस्ता उपायहरुको अवलम्वन गरिनु आवश्यक हुन्छ ?**

नेपालको विकासको महत्वपूर्ण पूर्वाधार मानिने संचार क्षेत्रको विकास अन्य पूर्वाधारको तुलनामा छोटो अवधिमै धेरै उपलब्धी हासिल भएको पाइन्छ । यति हुँदाहुँदै पनि यस क्षेत्रमा निम्नानुसारका समस्याहरु रहेका छन्:

- संचार क्षेत्रमा उदाएका सेवा प्रदायकहरुलाई प्रभावकारी रुपमा नियमन गर्न नसक्नु,
- भौगोलिक विकटताका कारण दुर्गम क्षेत्रहरुमा सन्तुलित रुपमा विकास गर्न नसक्नु,
- विकासका अन्य पूर्वाधारहरु (यातायात, उर्जा, शिक्षा, खानेपानी) को कमिका कारण संचारको विकास गर्न समस्या कठिनाई हुनु,
- सेवाको विस्तार भएका क्षेत्रमा पनि सेवाको गुणस्तर कायम हुन नसकेको,
- हुलाक सेवालाई विविधिकरण र आधुनिकीकरण गर्न नसक्नु,
- सूचना तथा संचार क्षेत्रमा निर्मित पूर्वाधारहरुको साझेदारीपूर्ण उपयोग हुन नसक्नु,
- राष्ट्रिय रेडियो तथा टेलिभिजनको प्रशारण गुणस्तरीय रुपमा मुलुकभर पुऱ्याउन नसक्नु आदि ।

**समस्या समाधानका उपाय**

- संचारसँग सम्बन्धित अन्य पूर्वाधारहरुको विकास गर्न एकीकृत आधारभूत पूर्वाधार विकास नीति तयार गरी कार्यान्वयन गर्ने,
- संचार सेवाको गुणस्तरको प्रभावकारी रुपमा अनुगमन गर्ने,

Question Bank Nepal

- दुर्गम क्षेत्रहरुमा समेत सेवाको विस्तार गर्ने,
- सूचना तथा संचार क्षेत्रमा सरकारी तथा निजी क्षेत्रबाट निर्मित पूर्वाधारहरुको साझेदारीपूर्ण उपयोग गर्ने,
- हुलाक सेवाको विविधिकरण गरी तिनीहरुलाई सामुदायिक सूचना केन्द्रको रुपमा विकास गर्ने,
- रेडियो तथा टेलिभिजन प्रशारण सेवाको पहुँच देशव्यापी बनाउने,
- सूचना तथा संचार प्रविधिहरुको प्रयोगमा जोड दिने,
- संचारको विकासका लागि विकासका अन्य पूर्वाधारहरुको पनि एकसाथ विकास गर्ने,

**प्रश्न नं. १२: नेपालमा जलविद्युत्को महत्ववारे प्रकाश पार्नुहोस् ।**

भूपरिवेष्ठित नेपालमा पेट्रोलियम पदार्थ उत्पादन नहुने, आयात गर्दा बढी खर्चिलो हुने तथा अन्य उर्जाका स्रोतहरु प्रभावकारी नभइरहेका र नेपालमा पछिल्लो समयमा उर्जाजन्य त्रियाकलापहरुमा बढोत्तरी हुँदै गइरहेको हुँदा नेपालको विकासमा जलविद्युत्को महत्वपूर्ण स्थान रहेको छ ।

- जलविद्युत्को विकास गरी उर्जा संकटलाई टार्न सकिने,
- आन्तरिक खपतका अतिरिक्त जलविद्युत्को निर्यात गर्न सकिने,
- जलविद्युत्ले वातावरणमा प्रतिकुल प्रभाव कम पार्ने हुँदा तुलनात्मक रुपमा बढी वातावरणमैत्री हुने,
- एकपटक संरचना निर्माण गरेपछि वर्षौंसम्म प्रयोग गर्न सकिने,
- प्रट्रोलियम पदार्थको जस्तो पटक पटक ढुवानी खर्च व्यहोर्नु नपर्ने,
- विद्युतीय उर्जाको प्रयोगले ठूल्ठूला मेशिन औजार, कलकारखाना संचालन गर्न सकिने,
- विद्युतीय उर्जा पेट्रोलियम पदार्थ तथा वनजन्य उर्जा भन्दा सस्तो पर्ने,
- जलविद्युत्को विकासबाट उर्जामा देश आत्मनिर्भर हुनुको साथै दाउराको खपत रोकी वनजंगल जोगाउन सकिने ।

**प्रश्न नं. १३: नेपालमा विद्युत विकासको संभावनाबारे छोटकरीमा उल्लेख गर्नुहोस् । लो.से.आ. २०६९ (खुल्ला, खरिदार) अंक ५**

नेपाललाई जलविद्युत्को विकासको दृष्टिले प्रचूर सम्भावना रहेको मानिन्छ, जसका आधारहरु निम्नानुसार रहेका छन् :

**१. पर्याप्त जलस्रोत:** जलस्रोतका हिसाबले नेपाल विश्वको दोस्रो र एसियाको पहिलो धनी देश हो । नेपालमा झण्डै ६,००० भन्दा बढी नदीनालाहरु छन् भने १६० किलोमिटरभन्दा लामा करिब १०० वटा नदीहरु र अनेकन तालतलैया छन् । यहाँका कुल जलस्रोतबाट ८३,००० मेगावाट जलविद्युत उत्पादन हुन सक्छ भने प्राविधिक रुपले ४२ हजार मेगावाट उत्पादन गर्न सकिने सम्भावना छ ।

Question Bank Nepal

२. **अनुकूल भूवनौटः** नेपालका अधिकांश नदीको मुहान हिमाली क्षेत्रमा रहेको छ । सदावहार प्रकृतिका माथिल्लो भूभागबाट तल्लो भूभागतिर बग्ने नदीहरु झरना बनाउँदै तिव्र वेगमा बग्ने हुनाले विद्युत विकासका लागि पर्याप्त सम्भावना छ ।

३. **दक्ष जनशक्ति स्वदेशमै उपलब्ध हुनु** : विद्युत् उत्पादनका लागि आवश्यक दक्ष जनशक्ति स्वदेशमै उपलब्ध हुन थालेकाले विद्युत् विकासमा थप सहजता हुन थालेको छ । उदाहरणको लागि स्वदेशी जनशक्तिबाटै निर्माण भएको खिम्ती र चिलिमे आयोजनालाई लिन सकिन्छ ।

४. **लगानीको वातावरण बन्दै जानुः** विभिन्न देशहरुसँग हुने गरेको BIPPA सम्झौता, सशस्त्र द्वन्दको अन्त भै देशमा राजनीतिले स्थिरता हासिल हुने सम्भावनाले वैदेशिक लगानीको सहज वातावरण बन्दै गएकाले जलविद्युत् जस्ता ठूला आयोजनाहरु निर्माणका सम्भावना बढ्दै गएका छन् ।

५. **विद्युत्को बढ्दो माग** : शिक्षा, सूचना प्रविधि एवं उद्योगधन्दाहरुको विकास, जनतामा आएको चेतना, महङ्गो पेट्रोलियम पदार्थको विकल्पको खोजी लगायतका कारण दिनानुदिन उर्जाको माग बढिरहेको छ । हाल विद्युत्को ९३० मेगावाट रहेको छ ।

**प्रश्न नं. १४: नेपालमा जलविद्युतको विकासको क्षेत्रमा देखा परेका समस्याहरु के के हुन् ?**

- विद्युत्को उत्पादन, प्रसारण, वितरण सम्वन्धी एउटै निकाय हुँदा कार्य प्रभावकारी नभएको,
- लाइसेन्स लिने तर काम नगर्ने अर्थात खोला ओगटेर बस्ने (झोलामा खोला राख्ने) गलत चलनलाई पूर्णरुपमा नियन्त्रण गर्न नसक्नु,
- पदाधिकारी नियुक्ति लगायतका कार्यमा अत्यधीक राजनीतिक हस्तक्षेप हुनु,
- राजनीतिक दलका स्पष्ट नीति नहुँदा निर्माण कार्यमा बारम्वार अवरोध सिर्जना भै लैगानीमैत्री वातावरण विग्रनु,
- पर्याप्त मात्रामा विद्युत उत्पादन गरी वर्षामा बढी हुने विद्युत् बिक्री गर्न नसक्नु,
- नेपाल विद्युत प्राधिकरण निरन्तर घाटामा गएकोले उसले जलविद्युत् आयोजना निर्माण गर्ने क्षमता गुमाउँदै जानु,
- जलविद्युत्को विकासका लागि ठूलो मात्रामा पूँजी, प्रविधि तथा दक्ष जनशक्ति चाहिने भएकोले सोको अभावमा जलविद्युत्का ठूला ठूला आयोजनाहरु बनाउन नसक्नु,
- विद्युत आयोजना निर्माणमा हुने बेलावखतका अवरोधका कारण निर्धारित समय र लागतमा जलविद्युत् आयोजना सम्पन्न हुन नसक्नु,
- उच्च विद्युत चुहावट नियन्त्रण गर्न नसक्दा राजस्व समेत गुम्नु,
- विद्युत् प्रशारण लाइन निर्माणमा ध्यान दिन नसक्नु आदि ।

**प्रश्न नं. १५: जलविद्युत्को विकास सम्वन्धी समस्या समाधानका उपायहरु उल्लेख गर्नुहोस् ।**

- जलविद्युत् क्षेत्रलाई उच्च प्राथमिकता प्रदान गरी लागानीमा व्यापक वृद्धि गर्ने,



Question Bank Nepal

- नेपाल विद्युत प्राधिकरणको संरचनागत सुधार गरी विद्युत चुहावट नियन्त्रण गर्ने,
- जलविद्युत् प्रशारण लाइन निर्माण गरी तत्काल भारतबाट विद्युत आयात गरी लोडसेडिङ् कटौती गर्ने,
- उत्पादन, प्रसारण, वितरण सम्वन्धी कार्य गर्ने अलग अलग निकायको कानूनी व्यवस्था गर्ने,
- वर्षायाममा बढी हुने विद्युत्को निर्यात सम्वन्धी कानूनी व्यवस्था मिलाउने,
- निजी क्षेत्रलाई थप विद्युत उत्पादनमा सहुलियत दिई लगानीका लागि उत्प्रेरित गर्ने,
- जलविद्युत् आयोजनाहरु निर्धारित समय र लागतमा सम्पन्न गर्न उपलब्ध सबै विकल्पहरु प्रयोग गर्ने,
- जलविद्युत्को मागको निरन्तर विश्लेषण गरी माग र आपूर्ति बीच सन्तुलन कायम हुने गरी नयाँ जलविद्युत् आयोजनाहरु क्रमिक रुपमा निर्माण गर्दै जाने,
- लगानीमैत्री वातावरणको विकास गर्ने,
- राजनीतिक हस्तक्षेपलाई अन्त गर्ने,
- स्वतन्त्र छनौट प्रकृयावाट पदाधिकारी तथा कर्मचारीको नियुक्ति हुने व्यवस्था मिलाउने आदि ।

**प्रश्न नं. १६: दक्ष जनशक्ति भन्नाले के बुझिन्छ ? नेपालको विकास कार्यमा महिला सहभागिता वढाउन कुन कुन कुरामा ध्यान दिनुपर्ला ? वर्णन गर्नुहोस् ।**
**- लो.से.आ. २०६८ (खुल्ला, खरिदार) अंक (2+4+4) = 10**

काम राम्रोसँग गर्न सक्ने ज्ञान, सीप र सिर्जनात्मक क्षमता, तत्परता, अनुभव भएका उत्पादनशील व्यक्ति वा समूहलाई दक्ष जनशक्ति भनिन्छ । यस्तो जनशक्तिलाई आर्थिकरुपले सक्रिय जनशक्ति पनि भनिन्छ ।

**विकासमा सहभागिता**

विकास आवश्यकताको माग सिर्जना गर्ने, विकास छनौट गर्ने, विकासको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, प्राप्त लाभ तथा प्रतिफलको बाँडफाँड एवं उपभोग गर्ने र नियमित मर्मत सम्भार र सञ्चालन गर्ने जस्ता विकास प्रक्रियाका सबै चरणहरुमा नागरिकहरुको अर्थपूर्ण र सक्रिय सहभागिता हुनुलाई नै विकासमा सहभागिता भनिन्छ ।

नागरिकको संलग्नतामा विकास भन्ने अवधारणा विकासको निर्णयकर्ता र लाभकर्ताको रुपमा जनतालाई सहभागि गराउने अवधारणा हो । यसलाई विकासमा नागरिकहरुको सक्रिय वा रुपान्तरणकारी संलग्नताको रुपमा लिने गरिन्छ ।

**विकासमा महिला सहभागिता बढाउने उपाय**

विकासमा सहभागिता भनेको विकासका सम्पूर्ण चरणहरुमा संलग्नता हो । यसका लागि विकास बुझ्ने, विकासका बारेमा वकालत गर्ने, विकास सम्वन्धी आफ्नो अधिकार खोज्न सक्ने हुनु जरुरी हुन्छ । यी सबै कार्यका लागि सशक्तिकरण पहिलो उपाय हो । यसका साथै अन्य उपायहरु निम्नानुसार रहेका छन् :



Question Bank Nepal

- पुरुषनियन्त्रित परम्परामा सुधार ल्याउने,
- महिला वर्गको शसक्तिकरण सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने,
- महिला शिक्षा, सीप विकास, स्वरोजगार जस्ता कार्यक्रमहरुमा व्यापक बनाउने।
- महिला हिंसा, शोषण र विभेदको अन्य गर्न कानूनी व्यवस्था प्रभावकारी बनाउने।
- आयोजनाहरुमा निश्चित प्रतिशत महिला सहभागितालाई अनिवार्य बनाउने।
- महिलालाई व्यवहारिकरुपमा माथि उठाउने कार्यक्रमहरु सञ्चालन गर्ने।

**प्रश्न नं. १७: वैकल्पिक उर्जा भनेको के हो ? नेपालको ग्रामीण क्षेत्रमा वैकल्पिक उर्जाको महत्व र उपयोगवारे चर्चा गर्नुहोस्। लो.से.आ. २०७० (खरिदार) अंक १०**

कोइला, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस, दाउरा, वायोमास जस्ता परम्परागत उर्जाको विकल्पमा प्रयोगमा ल्याइएका उर्जाका नयाँ स्वरुपहरुलाई वैकल्पिक उर्जा भनिन्छ।

अर्को शब्दमा, प्राकृतिकरुपमै पुन: नविकरण हुने, एक पटक प्रयोग गरेर नसकिने र निरन्तर रुपमा उपलब्ध भैरहने एवं पटक पटक प्रयोग गर्न सकिने उर्जाहरुलाई वैकल्पिक उर्जा भनिन्छ। यस्ता उर्जाहरुलाई नवीकरणीय ऊर्जा पनि भनिन्छ। वायु उर्जा, सौर्य उर्जा, जलविद्युत आदि वैकल्पिक उर्जाका उदाहरणहरु हुन्।

यस्ता उर्जाहरु एकातिर असीमित रुपमा उपलब्ध हुन्छन् भने अर्कोतिर यस्ता ऊर्जाबाट वातावरणमा नकरात्मक असर पनि पर्दैन। तसर्थ आजकल नविकरणीय ऊर्जालाई जोड दिन थालिएको छ।

**वैकल्पिक उर्जाको महत्व तथा उपयोग**

नेपाल गाउँ नै गाउँले भरिएको देश हो। भौगोलिक विकटता, छरिएर रहेको वस्ती, जनसंख्यामा निरन्तर हुने वृद्धि लगायतका कारण परम्परागत उर्जाहरुको सहज उपलब्धता कठिन भैरहेको छ। खोलानाला, झरना पर्याप्त भएको, पहाडैपहाडले भरिएकाले सहजै वायुको उपलब्ध हुने र सौर्यशक्ति पनि असिमितरुपमा प्राप्त हुने हुनाले वैकल्पिक उर्जाको अति नै महत्व रहेको पाइन्छ।

यसका यसको महत्व तथा उपयोगलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- नवीकरणीय ऊर्जा निरन्तर उपलब्ध हुने स्रोत भएको हुंदा यसको प्रयोग कालान्तरसम्म दिगो तवरले गर्न सकिन्छ।
- यससँग सम्वन्धित प्रविधिहरु अपनाउँदा मानिसको स्वास्थ्यमा राम्रो प्रभाव पर्दछ।
- वातावरण स्वच्छ राख्न मद्दत पुऱ्याउँदछ।
- विदेशबाट आयात गरिने खानीजन्य ऊर्जाहरु (मट्टितेल, पेट्रोल, डिजेल, कोइला तथा ग्याँस) को आयातमा कमी हुने हुँदा पूँजी पलायन कम हुन्छ।
- वनस्पतिजन्य उर्जाको खपतमा कमी भै वन विनाश रोकिन्छ।
- वैकल्पिक उर्जा प्राप्तिका कम समय, श्रम र खर्चमा सजिलै नै प्राप्त गर्न सकिन्छ।